# मासिक प्रतिवेदन

## २०८३ जेठ

परराष्ट्र मन्त्रालय
सिंहदरबार

## २०८३ जेठ महिनामा परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सम्पादित प्रमुख कार्यहरू

१. २०८३ जेठ १२ गते प्रधानमन्त्री बालेन्द्र शाहसँग काठमाडौं र नयाँ दिल्लीस्थित युरोपियन युनियन र काठमाडौंस्थित यूरोपेली र अन्य मुलुकका राजदूत/नियोग प्रमुखहरूले गर्नुभएको संयुक्त शिष्टाचार भेटको कार्यक्रमका लागि तयारी, समन्वय र सहजीकरण गरिएको।

२. संघीय संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिद्धारा आयोजित परराष्ट्र मन्त्रालयसँग सम्बन्धित अन्तरक्रियामा परराष्ट्रमन्त्री र परराष्ट्र सचिव सहभागी हुनुभई मन्त्रालयका प्राथमिकता, चालू कार्यक्रम, द्विपक्षीय तथा बहुपक्षीय कूटनीतिक गतिविधि तथा परराष्ट्र नीतिसम्बन्धी विषयहरूमा विस्तृत प्रस्तुतीकरण गरिएको।

३. परराष्ट्रमन्त्री श्री शिशिर खनालले भारतका विदेशमन्त्री एस. जयशङ्करको निमन्त्रणामा २०८३ जेठ २२ देखि २४ गतेसम्म भारतको औपचारिक भ्रमण गरी विकास सहकार्य, व्यापार, ऊर्जा र जनस्तरको सम्बन्धबारे द्विपक्षीय वार्ता गर्नुभएको।

४. परराष्ट्रमन्त्री श्री शिशिर खनालले जनवादी गणतन्त्र चीनका विदेश मन्त्री H. E. Wang Yi को मैत्रीपूर्ण निमन्त्रणामा २०८३ जेठ ३१ देखि असार ३ गतेसम्म चीनको चारदिने औपचारिक भ्रमण गर्नुभएको।

५.२०८३ जेठ १५ गते परराष्ट्रमन्त्री श्री शिशिर खनालले अन्तर्राष्ट्रिय सगरमाथा दिवसका अवसरमा एक भिडियो सन्देश मार्फत शुभकामना दिँदै जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र हिमाली पर्यावरण संरक्षणका दिशामा मिलेर काम गर्न आव्हान गर्नुभएको। विदेशस्थित नेपाली नियोगहरूद्वारा उक्त भिडियो सन्देश सहित विभिन्न कार्यक्रमहरू आयोजना गरी उक्त दिवस मनाइएको।

६.परराष्ट्रमन्त्री श्री शिशिर खनाल र साउदी अरेबियाका परराष्ट्रमन्त्री His Highness Prince Faisal bin Farhan Al Saud बीच २०८३ जेठ ६ गते टेलिफोन वार्ता भएको। उक्त अवसरमा द्विपक्षीय सम्बन्ध थप मजबूत बनाउने विषयमा छलफल भएको।

७. २०८३ जेठ ८ गते परराष्ट्रमन्त्री शिशिर खनालले बेलायती इन्डो-प्यासिफिक मामिला तथा समानता मन्त्री Ms Seema Malhotra MP सँग भेटवार्ता गर्नुभएको। उक्त भेटघाटका क्रममा नेपाल-संयुक्त अधिराज्यबीच रहिआएको बहुआयामिक सम्बन्धलाई थप प्रगाढ बनाउने दिशामा छलफल भएको।

८. परराष्ट्रमन्त्री श्री शिशिर खनालले संयुक्त राष्ट्रसंघ मुख्यालय, न्यूयोर्कमा आयोजित ECOSOC Special Meeting on Safeguarding Energy and Supply Flows: Supporting Global Development through International Cooperation विषयक कार्यक्रमलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्नुभएको।

९. परराष्ट्रमन्त्री श्री शिशिर खनालसँग विभिन्न मुलुकका राजदूत, युरोपेली संघ, अन्तर्राष्ट्रिय संघ संगठन र विदेशी उच्च पदस्थ अधिकारीहरूले छुट्टाछुट्टै शिष्टाचार भेट गर्नुभएको। उक्त अवसरमा द्विपक्षीय तथा बहुपक्षीय हित थप प्रवर्द्धन गर्ने बारे छलफल भएको।

१०. २०८३ जेठ ८ गते परराष्ट्रमन्त्री श्री शिशिर खनालले राष्ट्रिय युवा परिषद् नमूना संयुक्त राष्ट्रसंघ (National Youth Council Model United Nations २०२६) को उद्‌घाटन समारोहलाई प्रमुख अतिथिका रूपमा सम्बोधन गर्नुभएको।

११. २०८३ जेठ २७ गते परराष्ट्रमन्त्री श्री शिशिर खनालको समुपस्थितिमा परराष्ट्र मामिला सम्बन्धमा कलम चलाउने विभिन्न सञ्चार माध्यममा आबद्ध वरिष्ठ पत्रकारहरू एवम् विश्लेषकहरूसँग "MoFA-Media Meet and Interaction" कार्यक्रम आयोजना गरिएको।

१२. २०८३ जेठ १२ गते परराष्ट्रमन्त्री श्री शिशिर खनालले कन्सुलर सेवा विभागद्वारा विदेशस्थित नेपालीहरूलाई प्रविधिमा आधारित चुस्त र प्रभावकारी कन्सुलर सेवा उपलब्ध गराउने उद्देश्यले विकसित मोबाइल एप "MoFA Mitra" को औपचारिक शुभारम्भ सम्पन्न गर्नुभएको।

१३. २०८३ जेठ १८ गते परराष्ट्रमन्त्री श्री शिशिर खनालसँग अमेरिकाका Under Secretary of State for Public Diplomacy, Ms Sarah B. Rogers ले शिष्टाचार भेटघाट गर्नुभएको। सो अवसरमा नेपाल-संयुक्त राज्य अमेरिकाबीच रहिआएको घनिष्ठ सम्बन्ध थप दरिलो बनाउने विषयमा छलफल भएको।

१४. २०८३ जेठ २५ गते परराष्ट्रमन्त्री शिशिर खनाल र बेलायतका रक्षा मन्त्री माननीय जोन हिली तथा भेटेरन तथा जनमन्त्री माननीय लुइस स्यान्डर-जोन्ससँग भर्चुअल बैठक सम्पन्न भएको। बैठकमा भूतपूर्व ब्रिटिस गोर्खाहरूका लामो समयदेखि सुल्झिन बाँकी मागहरूमा केन्द्रित भई छलफल भएको।

१५. २०८३ जेठ २६ गते परराष्ट्रमन्त्री श्री शिशिर खनाल र परराष्ट्र सचिव श्री अमृत बहादुर राईको समुपस्थितिमा नेपालको आर्थिक कूटनीति प्रवर्द्धन, सो सम्बन्धी देशगत रणनीति तर्जुमा एवम् कार्यान्वयन लगायतका विषयमा अन्तरक्रियात्मक छलफल सम्पन्न भएको।

१६. प्रतिनिधि सभाका सभामुख र नेपाल सरकार मन्त्रिपरिषद्का माननीय मन्त्रीहरूसँग विभिन्न मुलुकका राजदूतहरू, संयुक्त राष्ट्रसंघ, युरोपेली संघ तथा अन्तर्राष्ट्रिय संघ संगठनका प्रतिनिधिहरू र अन्य विदेशी उच्च पदस्थ अधिकारीहरूले गर्नुभएको छुट्टाछुट्टै शिष्टाचार भेटका लागि आवश्यक तयारी, समन्वय र सहजीकरण गरिएको।

१७. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री श्री निशा मेहताको नेतृत्वमा विश्व स्वास्थ्य संगठनको ७९औं महासभामा सहभागिता रहेको र उक्त महासभामा मन्त्री निशा मेहता उपाध्यक्ष निर्वाचित हुनुभएको। सो भ्रमणको समन्वय तथा सहजीकरण गरिएको।

१८. परराष्ट्र सचिव श्री अमृत बहादुर राईसँग विभिन्न मुलुकका राजदूत, अन्तर्राष्ट्रिय संघ संगठन र तथा उच्च पदस्थ अधिकारीहरूले छुट्टाछुट्टै शिष्टाचार भेट गर्नुभएको। उक्त अवसरमा द्विपक्षीय तथा बहुपक्षीय हित थप प्रवर्द्धन गर्ने बारे छलफल भएको।

१९. २०८३ जेठ १३ गते आर्थिक कूटनीति सम्बन्धी कार्यक्रम निर्देशिका, २०७१ बमोजिम परराष्ट्र सचिवको समुपस्थितिमा आ. व. २०८१/०८२ मा विदेशस्थित नेपाली नियोगहरूबाट सञ्चालित आर्थिक कूटनीति सम्बन्धी कार्यक्रमहरूको समीक्षा संयन्त्रको बैठक सम्पन्न गरिएको।

२०. २०८३ जेठ ११ गते नेपाल-नर्वे द्विपक्षीय परामर्श संयन्त्रको दोस्रो बैठक काठमाडौंमा सम्पन्न भएको। बैठकमा द्विपक्षीय सम्बन्धलाई अझ विस्तारित एवम् प्रगाढ बनाउन तथा भावी दिनहरूमा दुई देशबीचको सहकार्यका क्षेत्र र दायरा अझ फराकिलो बनाउँदै लैजाने विषयमा छलफल भएको।

२१. २०८३ जेठ १३ गते नेपाल-स्वीट्जरल्याण्ड द्विपक्षीय परामर्श संयन्त्रको पाँचौ बैठक काठमाडौंमा सम्पन्न भएको। बैठकमा द्विपक्षीय सम्बन्धका विविध आयमहरूमा छलफल हुनुका साथै व्यापार तथा लगानी, पर्यटन, विकास सहायता, दिगो विकास, संक्रमणकालीन न्याय, जलवायु लगायतका क्षेत्रहरूमा सहयोग एवं सहकार्य अभिवृद्धि गर्ने विषयमा छलफल भएको।

२२. २०८३ जेठ २६ गते नेपाल-इजिप्ट द्विपक्षीय परामर्श संयन्त्रको दोस्रो बैठक कायरोमा सम्पन्न भएको। बैठकले व्यापार, लगानी, पर्यटन, कृषि, शिक्षा तथा कन्सुलर मामिला लगायतका क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा जोड दिएको।

२३. २०८३ जेठ १० गते नेपाल परराष्ट्र सेवा दिवस आयोजना गरिएको। सो अवसरमा परराष्ट्र सेवाको योगदानको स्मरण, नवप्रवेशी अधिकृतहरूको स्वागत तथा अवकाशप्राप्त कर्मचारीहरूको सम्मान गरिएको।

२४.  २०८३ जेठ १५ गते नेपाली महावाणिज्यदूतावास डालसका महावाणिज्यदूत र कोलोराडो राज्यका गभर्नर Mr Jared Polis बीच शिष्टाचार भेटघाट भएको। उक्त भेटपछि State Capitol मा आयोजित विशेष समारोहमा पर्वतारोहण क्षेत्रमा शेर्पा समुदायले आर्जन गरेको साहस, योगदान, कडा परिश्रमको भाव, साँस्कृतिक मूल्यहरु, मानवीय सहयोग तथा समर्पणद्वारा कोलोराडो राज्यलाई निरन्तर उत्प्रेरणा दिइरहेको उल्लेख गर्दै सोको कदरस्वरुप गभर्नरले अबउप्रान्त मे २९ लाई कोलोराडो राज्यमा हरेक वर्ष Sherpa Appreciation Day को रुपमा मनाउने घोषणा गर्नुभएको।

२५.  भारत र नेपालबीच सञ्चालनमा रहेका सीमापार रेलमार्ग परियोजनाको प्रगति समीक्षा तथा रेल क्षेत्रमा द्विपक्षीय सहकार्यलाई थप प्रभावकारी बनाउने उद्देश्यले काठमाडौंमा Project Staring Committee (PSC) को दशौं र Joint Working Group (JWG) को आठौं बैठक जेठ २८ र २९ गते काठमाडौंमा सम्पन्न भएको। सो अवसरमा भारत-नेपाल सीमापार रेल सम्पर्क परियोजनाको कार्यान्वयन अवस्था, निर्माण प्रगति तथा आगामी कार्ययोजनाबारे विस्तृत समीक्षा गरिएको।

२६.  २०८३ जेठ २८-२९ गते थाइल्याण्डको बैंककमा सम्पन्न ४th Meeting of the BIMSTEC Sub-Group on Human Trafficking मा नेपाल सहभागी भएको। बैठकमा मानव बेचविखन तथा ओसारपसार नियन्त्रणमा सदस्य मुलुकहरूबीच भइरहेको सहयोगको समीक्षा गर्दै यसलाई थप प्रभावकारी बनाउन आवश्यक सहकार्यका क्षेत्र तथा कार्यविधिबारे छलफल भएको।

२७.  २०८३ जेठ २६ गते BIMSTEC Energy Centre ले आयोजना गरेको Knowledge Sharing Workshop on Best Practices in Implementation of the Planned Transmission Systems मा नेपालको सहभागिता रहेको।

२८.  २०८३ जेठ २४-२५ गते भारत सरकारले आयोजना गरेको “Strengthening BIMSTEC÷s Role in Connectivity, Culture and Cooperation” विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी भई संस्कृति संरक्षणमा नेपालले गरेका प्रयासहरूबारे प्रस्तुति गरिएको।

२९.  २०८३ जेठ १२ गते गणतन्त्र कोरियाको काठमाडौंस्थित राजदूतावासको सहयोगमा काठमाडौंमा “Enhancing Regional Integration and Cooperation in South Asia” विषयक एक दिने सेमिनार आयोजना गरिएको।

३०.  २०८३ जेठ १४ गते खुला दरखास्त/सिफारिस आह्वान गरी विभिन्न देशमा रिक्त नेपाली राजदूत पदमा नियुक्तिका लागि प्रक्रिया प्रारम्भ गरिएको।

३१. २०८३ जेठ १ गते मन्त्रालयले एक सूचना जारी गरी नेपालको परराष्ट्र नीतिका प्राथमिकताहरूमा स्वतन्त्र नीतिगत अनुसन्धानमा योगदान पुऱ्याउन MoFA Nepal Summer Internship २०२६ कार्यक्रमका लागि आवेदन माग गरिएको।

३२. २०८३ जेठ १९ गते Mechanism for Facilitation on the Implementation of China-Nepal Cooperation Programmes and Projects in Nepal को तेस्रो बैठक काठमाडौंमा सम्पन्न भएको। परराष्ट्र सचिव र नेपालका लागि चीनका राजदूतले नेतृत्व गरेको यस बैठकमा चीन सरकारको सहयोगमा सञ्चालित परियोजनाहरूको प्रगति समीक्षा तथा प्रभावकारी कार्यान्वयनका विषयमा छलफल गरिएको।

३३. दक्षिणपूर्वी एसियाका विभिन्न ठाउँमा अवैधानिक रुपमा सञ्चालन भएका अनलाइन स्कयामिङ्ग केन्द्र, क्यासिनो आदिमा काम गर्ने जम्मा ८१९ जना नेपाली नागरिकहरूको उद्धार गरी नेपाल ल्याइएको। ती मध्ये कम्बोडियाबाट ६९४, म्यानमारबाट १११, लाओसबाट ८ र थाइल्यान्डबाट ६ जना रहेका।

३४. २०८३ जेठ ०७ गते राष्ट्रपतिसमक्ष विदेशी राजदूतहरूले ओहदाको प्रमाणपत्र पेश गर्ने समारोह सम्पन्न गरिएको। उक्त समारोहमा नेपालका लागि देहाय बमोजिमका चार जना विदेशी राजदूतहरूले ओहदाको प्रमाणपत्र पेश गर्नुभएको।

| क्र.सं. | मुलुक | प्रस्तावित राजदूतको नाम | आवासीय/गैर आवासीय |
|---|---|---|---|
| १ | रूसी महासंघ | Mr Aleksei V. Surovtsev | आवासीय |
| २ | लक्जेम्वर्ग | Mr Christian Biever | गैर आवासीय |
| ३ | अष्ट्रिया | Dr Robert Zisch | गैर आवासीय |
| ४ | इस्लामिक गणतन्त्र इरान | Dr Mohammad Fathali | गैर आवासीय |

३५. जेठ १२ गते त्रिभुवन विश्वविद्यालय, अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति केन्द्रीय विभागका अध्यापक श्री अचलराज पाण्डेको प्रस्तुति सहित "नेपालको निर्यात व्यापार, लगानी तथा पर्यटन प्रवर्द्धनमा आर्थिक कूटनीति सम्बन्धी विषयक अन्तर्क्रिया कार्यक्रम" गरिएको।

३६. परराष्ट्र मन्त्रालयअन्तर्गत Diaspora Expert Network and Knowledge Bank लाई गैर आवासीय नेपालीहरूको ज्ञान, सीप, पूँजी, प्रविधि र अनुभवलाई देशको विकासमा उपयोग गर्ने राष्ट्रिय लक्ष्यलाई मूर्तरुप दिन अन्तर-मन्त्रालय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

३७. Paradigm Shift of International Development Cooperation: Opportunities for Nepal र Challenges of Nepal÷s Export: Addressing Trade Barriers विषयहरूमा छुट्टाछुट्टै अध्ययन अनुसन्धान गरी नेपालको राष्ट्रिय हितको प्रवर्द्धनका लागि कार्यन्वयन योग्य सुझावहरू सिफारिश गर्न परराष्ट्र मन्त्रालय र Association of Former Career Ambassadors of Nepal (AFCAN) बीच कार्यशर्त तथा कार्यविवरण सम्झौता गरिएको।

३८. नेपाल सरकारको शासकीय सुधार सम्बन्धी सय बुँदे कार्यक्रमअन्तर्गत परराष्ट्र मन्त्रालयसँग सम्बन्धित गतिविधिहरूको प्रगति विवरण नियमित रूपमा संकलन, विश्लेषण तथा अद्यावधिक गरी हरेक हप्ता प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रेषण गरिएको।

३९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोजना गरेको एकीकृत अनलाइन प्रणाली सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागिता जनाइएको।

४०. मन्त्रालय तथा अन्तर्गतका निकायबाट सम्पादित जनचासो र महत्त्वका मुख्य कामहरू सम्पादन तथा परिमार्जन गरी प्रवक्ताको कार्यालयबाट तत्काले र मन्त्रालयको आधिकारिक वेबसाइट तथा सामाजिक सञ्जाल ह्याण्डलहरूबाट निरन्तर रूपमा प्रकाशन र प्रचारप्रसार गरिएको। सञ्जाल ह्याण्डल @MofaNepal मार्फत X, फेसबुक तथा वेबसाइटमा दैनिक औसत ५ भन्दा बढी पोस्ट प्रकाशित/प्रसारित भएका।

४१. परराष्ट्र सम्बन्ध र मन्त्रालयका मुख्य कामहरूका सम्बन्धमा प्रत्येक महिनाको दोस्रो र चौथो शुक्रबार गरिँदै आएको नियमित प्रेस ब्रिफिङ निरन्तरता दिइएको। सो कार्यक्रम मन्त्रालयको आधिकारिक फेसबुक पेजबाट Live Stream गर्ने गरिएको। यस महिनाका ब्रिफिङहरू पराष्ट्रमन्त्रीको भारत भ्रमण, पश्चिम एसियाको परिस्थिति, उच्चस्तरीय भेटघाट, सीमा विषय तथा श्रम आप्रवासन, MoFA Nepal Summer Internship, २०२६ लगायतका विषयमा केन्द्रित रहको।

४२. सार्वजनिक कूटनीति महाशाखाको सामाजिक सञ्जाल ह्याण्डल @MoFANepal_PD मार्फत नेपालको प्राकृतिक सौन्दर्य तथा कला, संस्कृति र सम्पदा प्रवर्द्धन गरी राष्ट्रको छवि अभिवृद्धि गर्ने उद्देश्यले फोटो/भिडियोसहितका कन्टेन्टहरू तयार गरी प्रकाशित/प्रसारित गरिएको। साथै, यस महिना ईद मुबारक, संयुक्त राष्ट्रसङ्घ शान्ति सैनिक अन्तर्राष्ट्रिय दिवस तथा विश्व वातावरण दिवस २०२६ का अवसरमा भिडियो कन्टेन्ट तयार पारी प्रचार-प्रसार गरिएको।

४३. प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका बैठकहरूमा परराष्ट्र मन्त्रालयसँग सम्बन्धित विषयमा उठान भएका विविध विषय समावेश गरी समयमै प्रतिवेदन तयार गरी आवश्यकतानुसार लिखित र मौखिक जवाफ तयारी कार्य सम्पन्न गरिएको।

४४. प्रवक्ता र सूचना अधिकारीका फोनहरूमा प्राप्त प्रश्न, चासो, गुनासो लगायतका विषयमा सम्बन्धित महाशाखा/निकायसँगको समन्वयमा समयमै जवाफ र प्रतिक्रिया उपलब्ध गराइएको। सूचनाको हक सम्बन्धी ऐनबमोजिम यस महिना प्राप्त भएका सूचनाको माग सम्बोधन गरिएको।

४५. नेपाल सरकारको नीति तथा कार्यक्रमको पूर्णपाठ र गणतन्त्र दिवस २०८३ का अवसरमा सम्माननीय राष्ट्रपतिज्यूका तर्फबाट भएको मन्तव्यको अनुवाद कार्य सम्पन्न गरिएको।

४६. प्राप्त निवेदनबमोजिम १९ थान गैरआवासीय नेपाली परिचय पत्र जारी गरिएको।

४७. कन्सुलर सेवा विभागबाट ७५,४५३ थान कागजात प्रमाणीकरण गरिएको।

४८. कन्सुलर सेवा विभागबाट १२२ जना नेपाली नागरिकहरूको उद्धार तथा क्षतिपूर्तिका लागि र विदेशमा मृत्यु भएका २२ जना नेपालीहरूको शव व्यवस्थापनका लागि नेपाली नियोगहरूसँग समन्वय तथा सहजीकरण गरिएको।

४९. राहदानी विभाग, नियोगहरू तथा जिल्ला/ईलाका प्रशासन कार्यालयहरूबाट गरी कुल १,०१,३३० थान राहदानी जारी गरिएको।

परराष्ट्र मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल